**अनुसूची - २**

**(दफा ४ तथा अनुसूचीको भाग १ सँग सम्बन्धित)**

**चौरजहारी नगरपालिका**

**स्थानीय राजपत्र**

| खण्ड : ९ | सङ्ख्या : १३ | मिति : २०८२/०९/२८ |
|---|---|---|

**भाग – २**

**चौरजहारी नगरपालिका**

**प्रकाशन मिति : २०८२०/१०/०४**

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम भाग)

## योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने सम्बन्धी कार्यविधि, २०८२

**प्रस्तावनाः** औपचारिक, अनौपचारिक र स्वरोजगारको क्षेत्रमा रहेका श्रमिकहरूको लागि योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ बमोजिम सामाजिक सुरक्षा कोषद्वारा सञ्चालनमा आएको सामाजिक सुरक्षा योजनामा चौरजहारी नगरपालिका क्षेत्र भित्रका औपचारिक, अनौपचारिक र स्वरोजगारको क्षेत्रमा रहेका श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गराउन वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा ३४ को श्रमसम्बन्धी हक तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ को उपदफा ४ (च) मा भएको व्यवस्थालाई कार्यन्वयन गर्न दफा ११ को उपदफा (७) ले दिएको अधिकार प्रयोग गरी चौरजहारी नगर कार्यपालिकाले यो कार्यविधि बनाएको छ।

### परिच्छेद १

### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम 'योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध गराउने सम्बन्धी कार्यविधि, २०८२' रहेको छ।

(२) यो कार्यविधि चौरजहारी नगरपालिका कार्यपालिकाबाट स्वीकृत भएको मितिले देखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) 'अनौपचारिक क्षेत्रका श्रमिक' भन्नाले औपचारिक प्रबन्धले नसमेटिएका तथा ज्यालादारी रुपमा काम गर्ने चौरजहारी नगरपालिकाका नेपाली नागरिकहरूलाई सम्झनु पर्छ।

(ख) 'औपचारिक क्षेत्रमा आवद्ध श्रमिक' भन्नाले प्रचलित कानून बमोजिम यस चौरजहारी नगरपालिका ले नियुक्त गरेका अस्थायी तथा करार सेवामा कार्यरत कर्मचारीहरू, मातहतका कार्यालय र विद्यालयमा कार्यरत अस्थायी तथा करार सेवामा कार्यरत व्यक्ति सम्झनु पर्छ ।

(ग) 'स्वरोजगार' भन्नाले रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा २ (ज) बमोजिमको कार्य सम्झनु पर्छ ।

(घ) 'रोजगारदाता' भन्नाले रोजगारीको हक सम्बन्धी ऐन २०७५ को दफा २ (ज) बमोजिमको संस्था र व्यक्तिलाई सम्झनु पर्छ ।

(ङ) 'श्रमिक' भन्नाले यस चौरजहारी नगरपालिका मा औपचारिक, अनौपचारिक तथा स्वरोजगारमा संलग्न १८ देखि ६० वर्ष सम्मका सबै किसिमका नेपाली नागरिकहरू लाई सम्झिनु पर्छ

(च) 'ऐन' भन्नाले सङ्डीय सरकारले बनाएको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ सम्झनु पर्छ ।

(छ) 'नियमावली' भन्नाले सङ्घीय सरकारले बनाएको योगदानमा आधारित सामाजिक सुरक्षा नियमावली, २०७५ सम्झनु पर्छ ।

(ज) 'यस कार्यविधि' भन्नाले अनौपचारिक क्षेत्रका श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्धता कार्यविधि, २०८२ सम्झनु पर्छ ।

(झ) 'सामाजिक सुरक्षा कोष' भन्नाले भन्नाले सङ्घीय सरकारले बनाएको योगदानमा आधारित सामाजिक सुरक्षा ऐन, २०७४ को दफा २६ बमोजिम स्थापना कोष सम्झनु पर्छ ।

(ञ) 'न्यूनतम आधारभूत पारिश्रमिक' भन्नाले नेपाल सरकारले बेला बेलामा औद्योगिक क्षेत्रका श्रमिकको लागि तोकेको आधारभूत पारिश्रमिक सम्झनु पर्छ ।

(ट) 'नगर कार्यपालिका' भन्नाले चौरजहारी नगरपालिका को कार्यपालिका सम्झनु पर्छ ।

(ठ) 'चौरजहारी नगरपालिका' भन्नाले चौरजहारी नगरपालिका सम्झनु पर्छ ।

(ड) 'अध्यक्ष' भन्नाले चौरजहारी नगरपालिका को अध्यक्ष सम्झनु पर्छ ।

(ढ) 'उपाध्यक्ष' भन्नाले चौरजहारी नगरपालिका को उपाध्यक्ष सम्झनु पर्छ ।

(ण) 'प्रमुख प्रशासकीय अधिकृत' भन्नाले चौरजहारी नगरपालिका को प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

(त) 'वडा' भन्नाले चौरजहारी नगरपालिका को सबै वडा कार्यालय सम्झनु पर्छ ।

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम भाग)

## परिच्छेद २

## जिम्मेवारी तथा उत्तरदायित्व

**३. सरकार तथा योगदानकर्ताको जिम्मेवारी र उत्तरदायित्वः** (१) चौरजहारी नगरपालिकामा स्थायी बसोवास गरि चौरजहारी नगरपालिका क्षेत्रभित्र औपचारिक तथा अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिक र स्वरोजगार क्षेत्रमा आवद्ध व्यक्तिहरूलाई चौरजहारी नगरपालिकाले क्रमश सामाजिक सुरक्षा कोषमा आवद्ध गराउँदै लैजानु चौरजहारी नगरपालिका को जिम्मेवारी रहने छ ।

(२) नगर कार्यपालिकाले कोषमा योगदान गर्नुपर्ने आवश्यक रकम सुनिश्चितता गरी हरेक आर्थिक वर्षमा नगरसभाबाट विनियोजन गराउनु पर्नेछ ।

(३) छनोटमा परेका श्रमिकहरूको तोकिए बमोजिमको कोषमा तोकिए बमोजिम योगदान गर्नुपर्ने रकम जम्मा गर्ने दायित्त्व रोजगारदाताको हुनेछ ।

(४) चौरजहारी नगरपालिकाले योगदानकर्तालाई कोषमा आवद्ध गराउनको लागि संघ, मन्त्रालय तथा कोषसँग समन्वय गर्नुपर्नेछ ।

(५) कोषको प्रणालीमा सूचीकरण तथा अद्यावधिकको काम चौरजहारी नगरपालिकाले गर्नुपर्नेछ ।

## परिच्छेद ३

## योगदानकर्ता छनोट तथा सूचीकरण सम्बन्धी व्यवस्था

**४. योगदानकर्ता छनोट र सूचीकरण:** (१) नगरपालिका कार्यालयको स्वीकृत दरबन्दीमा कार्यरत औपचारिक क्षेत्रका करार सेवामा कार्यरत कर्मचारी (श्रमिक) हरूको छनोट नगर कार्यपालिकाले गर्नेछ ।

(२) औपचारिक तथा अनौपचारिक क्षेत्रमा काम गर्ने श्रमिक र स्वरोजगारमा रहेका व्यक्तिहरूलाई कोषमा आवद्ध गराउनको लागि नगरपालिकाले **अनुसूची १** बमोजिमको ढाँचामा सूचना आह्वान गर्नुपर्नेछ ।

(३) सूचना आह्वान पश्चात तोकिएको समयावधी भित्र कोषमा आवद्ध हुन चाहने सम्बन्धित व्यक्तिले औपचारिक क्षेत्रकोले नगर कार्यपालिकाकाको कार्यालय प्रशासन तथा योजना शाखामा र अनौपचारिक क्षेत्र र स्वरोजगारमा आवद्धले आर्थिक विकास शाखामा **अनुसूची २** बमोजिमको ढाँचामा आवश्यक कागजात सहित निवेदन दिनुपर्नेछ ।

(४) औपचारिक क्षेत्रकोले चौरजहारी नगर कार्यपालिकाको कार्यालयमा प्राप्त निवेदनमाथि नगर कार्यपालिकाबाट निर्णय गरी क्रमश कोषमा आवद्ध गराउनेछ ।

(५) प्राप्त निवेदनका आधारमा **अनुसूची ३** बमोजिमका सूचकमा आधारित भइ दफा ५ बमोजिमको मूल्याङ्कन समितिले योगदानकर्ताको मूल्याङ्कन गर्नुपर्नेछ ।

(६) मूल्याङ्कन समितिले पेस गरेको मूल्याङ्कनका आधारमा दफा ६ बमोजिमको नगरपालिका स्तरीय छनोट समितिले कोषमा आवद्ध गर्न नगर कार्यपालिका समक्ष स्वीकृतिका लागि पेस गर्नुपर्नेछ ।

(७) औपचारिक क्षेत्र अन्तर्गत नगर कार्यपालिका र सो अन्तर्गतका निकायमा कार्यरत कर्मचारीहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न नगर कार्यपालिकाले निर्णय गर्न सक्नेछ ।

(८) छनोट भएका योगदानकर्ताहरूलाई चौरजहारी नगरपालिकाले कोषमा आबद्ध गराइ निरन्तरता दिनेछ र आगामी वर्षहरूमा थप गर्न सक्नेछ ।

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम भाग)

(९) कुनै व्यक्ति औपचारिक तथा अनौपचारिक क्षेत्रमा संलग्न श्रमिक हो वा होइन र कसलाई सामाजिक सुरक्षा कोषमा संलग्न गराउने लगायत यस कार्यविधि अन्तरगतका विषयका सम्बन्धमा प्रश्न उठेमा सो कुराको निर्णय नगरपालिका स्तरीय छनौट समितिले गर्नेछ ।

## परिच्छेद ४

## समिति सम्बन्धि व्यवस्था

५. **योगदानकर्ता छनोट मूल्याङ्कन समितिः** (१) औपचारिक, अनौपचारिक र स्वरोजगार (कृषक समेत) योगदानकर्ता छनोट गर्न एक योगदानकर्ता छनोट मूल्याङ्न समिति हुनेछ ।

(२) योगदानकर्ता छनोट मूल्याङ्कन समिति देहायबमोजिम हुनेछ :

(क) आर्थिक विकास शाखा प्रमुख – संयोजक

(ख) प्रशासन तथा योजना शाखा प्रमुख – सदस्य

(ग) सामाजिका विकास शाखा प्रमुख – सदस्य

(घ) कृषि सेवा केन्द्र प्रमुख – सदस्य

(ङ) पशु सेवा केन्द्र प्रमुख – सदस्य

(३) प्राप्त निवेदनमा तोकिएका मापदण्डमा आधारित भइ मूल्याङ्कन गरी छनोट समिति समक्ष पेस गर्नुपर्नेछ ।

६. **छनोट समिति** : (१) योगदानकर्ता स्वीकृतिको सिफारिसका लागि नगरपालिकामा एक छनोट समिति हुनेछ ।

(२) योगदानकर्ता छनोट समिति देहायबमोजिम हुनेछ ।

(क) नगरपालिका प्रमुख – संयोजक

(ख) नगर उपप्रमुख – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) आर्थिक विकास समिति संयोजक – सदस्य

(ङ) सामाजिक विकास समिति संयोजक – सदस्य

(च) आर्थिक प्रशासन शाखा प्रमुख – सदस्य

(छ) रोजगार संयोजक – सदस्य

छत्रेश्वरी गाउँपालिका, रुकुम (पश्चिम भाग)

(३) दफा ५ बमोजिमको मूल्याङ्कन समितिले गरेको मूल्याङ्कनका आधारमा छनोट समितिले योगदानकर्ता छनोटका लागि नगर कार्यपालिकाले योगदानकर्ता स्वीकृत गर्नेछ ।

**७. छनोट समितिको काम, कर्तव्य र अधिकारः** (१) दफा ६ बमोजिम छनोट समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) कोषमा आवद्ध हुन मापदण्ड पूरा गर्ने औपचारिक, अनौपचारिक र स्वरोजगार क्षेत्रमा काम गर्ने व्यक्तिहरूको निवेदन उपर छानविन गर्ने ।

(ख) मूल्याङ्कन समितिले गरेको मूल्याङ्कनको आधार लिइ योगदानकर्ता स्वीकृतका लागि सिफारिस गर्ने ।

(ग) वस्तुनिष्ट मूल्याङ्कनका लागि मूल्याङ्कन समितिलाई सुझाव दिन सक्ने ।

(घ) औपचारिक र अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न नीतिगत तथा कानुनी व्यवस्थाका लागि आवश्यक समन्वय र सहजीकरण गर्ने ।

(ङ) सामाजिक सुरक्षा कोषका सम्बन्धमा जानकारीमूलक कार्यक्रम सञ्चालन गर्ने ।

**८. कृषकलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्ने सम्बन्धी विशेष व्यवस्था** : (१) स्वरोजगार क्षेत्र अन्तर्गत नगरपालिका क्षेत्रभित्रका व्यवसायिक कृषकहरूलाई कृषि पेसामा आकर्षण एवम् व्यवसायिक बनाउन सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न सकिनेछ ।

(२) कृषकहरूलाई सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न स्वीकृत बजेट तथा कार्यक्रमको परिधीमा रहेर नगर कार्यपालिकाले वडागत रूपमा कोटा निर्धारण गर्नेछ ।

(३) कोषमा आवद्ध गर्न नगरपालिका कार्यालयले सार्वजनिक सूचना आह्वान गरी **अनुसूची ४** बमोजिम आधार र प्राथमिकतामा सबैभन्दा बढी अङ्कको योग्यताक्रमको आधारमा कृषकलाई कोषमा आवद्ध गर्न छनोट गर्नुपर्नेछ ।

(४) छनोट भएका कृषकले नियमित रुपमा योगदानकर्ताले योगदान गर्नुपर्ने रकम जम्मा नगरेमा नगरपालिका कार्यालयले रोजगारदाताको रुपमा जम्मा गर्नुपर्ने रकम जम्मा गर्न वाध्य हुनेछैन ।

(५) नियमित रकम जम्मा नगरेमा सामाजिक सुरक्षा कोषमा आवद्ध हुनेको सङ्ख्याबाट नगरपालिकाले स्वत: निस्क्रिय गराउनेछ ।

(६) मजुदरको न्यूनतम पारिश्रमिकको ६० प्रतिशतले हुन आउने रकमको २० प्रतिशत नगरपालिका कार्यालयले र ११ प्रतिशत सम्बन्धित कृषकले मासिक रुपमा रकम जम्मा गर्नुपर्नेछ ।

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम भाग)

## परिच्छेद ५
## विविध

९. **योगदान रकम उपलब्ध गराउने**: (१) नगरपालिकाको तर्फबाट योगदान गरिदिनुपर्ने रकम नेपाल सरकारले तोकेको श्रमिकको न्यूनतम रकमको कम्तिमा साठी प्रतिशतले हुन आउने रकम नगरपालिकाले बजेटको सुनिश्चितता गरी कोषको नाममा जम्मा गर्नुपर्नेछ।

(२) रोजगारदाता, अनौपचारिक तथा स्वरोजगारको क्षेत्रमा रहेका योगदानकर्ताले योगदान गर्नुपर्ने रकम सम्बन्धितले जम्मा गर्नुपर्नेछ।

(३) योगदानकर्ताले योगदान गर्नुपर्ने रकम नियमित जम्मा नगरेमा अर्को महिनामा नगरपालिकाले रकम जम्मा गर्नेछैन ।

१०. **कोषमा आबद्ध हुन सक्ने**: (१) औपचारिक क्षेत्रमा कार्यरत श्रमिकहरूको न्यूनतम पारिश्रमिकको साठी प्रतिशतले हुन आउने रकमको २० प्रतिशत रकम रोजगारदाताबाट र ११ प्रतिशत योगदानकर्ताको तर्फबाट जम्मा गरिनेछ।

(३) अनौपचारिक क्षेत्रका श्रमिकको योगदान गर्नुपर्ने रकम ऐन, नियमावली तथा कार्यविधि बमोजिम नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहले जम्मा गर्नुपर्ने रकमभन्दा कम रकम जम्मा गरिदिने वा त्यस्तो रकम जम्मा नगरिदिने अवस्थामा योगदानकर्ता आफैले त्यस्तो बाँकी रकम समेत आफै योगदान गर्ने गरी सामाजिक सुरक्षा योजनामा सहभागी हुन सक्नेछ।

(४) स्वरोजगारमा संलग्न व्यक्तिहरूको हकमा विशेषगरी व्यवसायिक कृषकहरूलाई नगरपालिकाले सामाजिक सुरक्षा कोषमा आवद्ध गर्न सक्नेछ।

(५) स्वरोजगार क्षेत्रका व्यक्ति आफैले नियमानुसार तोकिएको रकम जम्मा गरी सामाजिक सुरक्षा कोषमा आवद्ध हुन चाहेमा नगरपालिकाले आवश्यक सहजीकरण गरिदिनेछ।

११. **पारिश्रमिक नपाएको अवधिको योगदान सम्बन्धी व्यवस्था:(१)** औपचारिक वा अनौपचारिक क्षेत्रका कुनै श्रमिकले कुनै कारणले पारिश्रमिक नपाउने अवस्था सृजना भई नियमित रुपमा कोषमा जम्मा गर्नुपर्ने योगदान जम्मा गर्न नसक्ने अवस्था भएमा त्यस्तो श्रमिकको बढीमा तीन महिनासम्म निजले जम्मा गर्नुपर्ने योगदान चौरजहारी नगरपालिका ले सूचीकृत श्रमिकको नाममा कोषमा जम्मा गरिदिन सक्नेछ।

(२) उपदफा १ बमोजिम जम्मा गरिदिएको योगदान बापतको रकम सूचीकृत श्रमिकले आर्जन गर्न सक्ने अवस्था हुने भएपछि तोकिए बमोजिम कट्टा वा असुल गर्न सक्नेछ।

१२. **योगदान रकम बुझाउनु पर्ने**: (१) योगदानकर्ताले कार्यविधिले तोकिए बमोजिमको योगदान रकम समयमा नै जम्मा गर्नु पर्नेछ ।

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम भाग)

(२) योगदानकरताले नियमित योगदान वापतको रकम बुझाएको प्रमाण पेस नभएमा नगरपालिकाले जम्मा गर्नुपर्ने रकम जम्मा गर्नेछैन ।

१३. **सुविधा र सहुलियतः** कोषमा आवद्ध भएका योग्दानकर्ताहरूले कोषको ऐन, नियमावली तथा कार्यविधिमा तोकिए बमोजिमको सेवा, सुविधा र सहुलियत प्राप्त गर्नेछन् ।

१४. **बजेट व्यवस्थापन र कार्यान्वयनः** (१) चौरजहारी नगरपालिकाले आफूले छनोट गरेका योग्दानकर्ताहरूलाई कोषमा आबद्ध गराउन नगरपालिकाको तर्फबाट निर्णय भए बमोजिम लाग्ने रकम र त्यसको निरन्तरताको लागि बजेटको व्यवस्था गरी नगरसभाबाट पारित गर्नुपर्नेछ ।

(२) उपदफा १ बमोजिमको बजेटलाई कार्यान्वयन तथा सञ्चालन गर्नको लागि यस कार्यविधिलाई आधार मानि त्यसको उपयोग र कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

१५. **व्याख्या वा बाधा अड्काउ** : यस कार्यविधिको कार्यान्वयनमा कुनै द्विविधा भएमा नगर कार्यपालिकाले व्याख्या गर्न वा बाधा अड्काउ फुकाउन सक्नेछ ।

१६. **संशोधन गर्न सक्नेः** नगर कार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिलाई परिमार्जन तथा संशोधन गर्न सक्नेछ ।

चौरजहारी नगरपालिका, रूकुम (पश्चिम भाग)

**अनुसूची १**
**(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)**

## सामाजिक सुरक्षा कोषमा आवद्ध हुन निवेदन पेस गर्ने सूचनाको ढाँचा

(प्रकाशन मिति : ............. गते )

उपर्युक्त विषयमा चौरजहारी नगरपालिका क्षेत्रभित्रका औपचारिक / अनौपचारिक / स्वरोजगार क्षेत्रमा काम गर्ने श्रमिकहरूलाई श्रम सम्बन्धी हक र सामाजिक सुरक्षा ऐनको कार्यान्वनयका लागि आर्थिक वर्ष .......... को स्वीकृत वार्षिक नीति तथा कार्यक्रमअनुसार यस चौरजहारी नगरपालिका नगर कार्यपालिकाको मिति ............. को निर्णयानुसार सामाजिक सुरक्षा कोषमा आवद्ध हुन इच्छुक ......................क्षेत्रका श्रमिकहरूलाई 'चौरजहारी नगरपालिकाको श्रमिक सामाजिक सुरक्षा कोषमा आवद्ध सम्बन्धी कार्यविधि, २०८२ र प्रचलित कानुनको अधिमा रहेर तोकिएका सर्तहरू पालना गर्न मञ्जुर भइ सामाजिक सुरक्षा कोषमा आवद्ध हुन कार्यविधिको अनुसूची २ बमोजिमको ढाँचामा देहायका कागजातसहित आवेदन पेस गर्ने जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**आवश्यक कागजातहरू**

- नागरिकताको प्रतिलिपि
- हालसालै खिचेको १ प्रति पासपोर्ट साइजको फोटो
- आफूले श्रम गर्ने गरेको क्षेत्र (जस्तो कृषि, यातायात, निर्माण वा घरेलु कामदार)
- अनौपचारिक क्षेत्रमा कार्यरत श्रमिक रहेको भनि वडा कार्यालयले गरेको सिफारिसपत्र
- स्वरोजगार क्षेत्रमा संलग्न व्यक्ति भएमा सम्बन्धीत निकायमा दर्ता भएको प्रमाण पत्रको प्रतिलिपी
- औपचारिक क्षेत्रमा कार्यरत श्रमिकले रोजगारदातासंग गरेको सम्झौता पत्रको प्रतिलिपी
- बैंक खाता विवरण/चेकको प्रतिलिपि

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम भाग)

## अनुसूची २
**(दफा ४ को उपदफा (३) सँग सम्बन्धित)**

**<u>सामाजिक सुरक्षा कोषमा आवद्ध हुने सूचीमा सूचीकृत हुन दिने निवेदनको ढाँचा</u>**

मितिः

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू

चौरजहारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय, रुकुम (पश्चिम भाग)।

**विषयः सामाजिक सुरक्षा कोषमा आबद्ध हुन पाऊँ।**

उपर्युक्त विषयमा चौरजहारी नगरपालपिका नगर कार्यपालिका कार्यालयको मिति .............. गते प्रकाशित समामाजिक सुरक्षाक कोषमा आवद्ध हुन इच्छुक औपचारिक / अनौपचारिक / स्वरोजगार क्षेत्रमा कार्यरत इच्छुक श्रमिकहरूले आवेदन पेस गर्ने सूचना बमोजिम म पनि सामाजिक सुरक्षा कोषसँग सम्बन्धित सर्तहरूमा मन्जुर भइ तपसिलबमोजिमको विवरण सहित सामाजिक सुरक्षा कोषमा आवद्ध गरिदिनु हुन सादर अनुरोध छ।

**<u>तपसिल</u>**

| विवरण | देवनागरिकमा | अङ्ग्रेजीमा | |
|---|---|---|---|
| नामथर | | | |
| बाबुको नाम | | | |
| आमाको नाम | | | |
| पति / पत्नीको नाम | | | |
| बाजेको नाम | | | |
| | | | |
| जन्म मिति : | वि.सं. : | ई.सं. : | लिङ्ग : |
| नागरिकता नं.: | जारी जिल्ला : | जारी मिति : | |
| ब्लड ग्रुप : | स्थायी लेखा नं. (PAN) : | | |
| | | | |
| स्थायी ठेगाना : | | | |
| प्रदेश : | जिल्ला : | गाउँ / नगरपालिका : | |

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम भाग)

| | | |
|---|---|---|
| वडा नं. : | टोल : | घर नं. : |
| टेलिफोन : | मोबाइल : | इमेल : |
| इच्छाएको व्यक्तिको विवरण | | |
| नाम : | नाता : | सम्पर्क नम्बर : |
| औपचारिक क्षेत्रको श्रमिकले मात्र भर्ने | | |
| रोजगारदाताको नाम : | योगदानकर्ताको पद : | नियुक्ति मिति : |
| कार्य अवधि : | हालको आधारभूत तलब : | |
| स्वरोजगार क्षेत्रका श्रमिकले मात्र भर्ने | | |
| व्यवसायको नाम : | | |
| व्यवसायको ठेगाना : | | |
| व्यवसाय दर्ता मिति : | | |
| मासिक योगदान रकम : | | |

माथि उल्लेखित विवरण ठिक साँचो हो। योगदान गर्न तोकिएको रकम नियमित जम्मा गर्ने प्रतिवद्धता गर्दछु। उल्लेखित विवरण अन्यथा भएमा कानुनबमोजिम सहुँला बुझाउँला।

| दायाँ | बाँया |
|---|---|
| | |

**निवेदक**

हस्ताक्षरः

नामथरः

ठेगानाः

सम्पर्क

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम भाग)

## अनुसूची ३
### (दफा   सँग सम्बन्धित)
### अनौपचारिक श्रमिकहरूको छनोट / प्राथमिकताका आधारहरू

| क्र.स. | श्रमिकको नाम | परिवारमा रोजगारको अवस्था (२०) | आम्दानी अवस्था (वार्षिक) (२०) | आश्रित परिवार सङ्ख्या (१०) | घरमुली (१५) | जम्मा (१००) |
|---|---|---|---|---|---|---|
| | | | | | | |
| | | | | | | |

**द्रष्टव्य**

१. **घरको अवस्था** : श्रमिकको घर नै नभएको भए २५ अङ्क, सामान्य कच्ची भए १५ अङ्क, कच्ची भए १० अङ्क र पक्की भए ५ अङ्क प्रदान गर्ने ।

२. **परिवारमा रोजगारको अवस्था** : एक जना पनि रोजगार नभएको भए २० अङ्क, मासिक तलब भत्ता पाउने गरी रोजगारीमा भएको भए ० अङ्क प्रदान गर्ने ।

३. **आम्दानीको अवस्था** : वार्षिक आम्दानी ५० हजार भन्दा कम भए २० अङ्क, १ लाखसम्म भए १० अङ्क र १ लाखभन्दा माथि भए ५ अङ्क प्रदान गर्ने ।

४. **आश्रित परिवार** : ४ जना भए १० अङ्क, ४-७ जना भए १५ अङ्क र ८ देखि माथि भए २० अङ्क प्रदान गर्ने ।

५. **घरमुली** : एकल महिला भए १५ अङ्क र पुरुष भए ५ अङ्क प्रदान गर्ने ।

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम भाग)

## अनुसूची ४

## (दफा......... सँग सम्बन्धित)

## स्वरोजगार क्षेत्र (कृषि) कृषक छनोट / प्राथमिकताका आधारहरू

| क्र.सं. | कृषकको नाम | ठेगाना | अनुभव (१५) | वार्षिक आम्दानी (२०) | अन्तर सम्बन्धित उत्पादन (१०) | लगानी (१०) | प्रशिक्षण (१०) | जैविक कृषि (१०) | बजार पहुँच (१०) | रोजगारी सिर्जना (१५) | कुल अंक (१००) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |
| | | | | | | | | | | | |

**द्रष्टव्य**

१. **कृषि व्यवसायको अनुभव :** व्यसायिक रुपमा कृषि व्यवसाय सञ्चालन गरेको ० देखि २ वर्ष भए ३ अङ्क, ३ देखि ५ वर्ष भए ७ अङ्क, ६ देखि १० वर्ष भए १२ वर्ष र १० वर्षदेखि माथि भए १५ अङ्क प्रदान गर्ने ।

२. **वार्षिक कृषि आम्दानी :** ५० हजार – १ लाखसम्म भए ७ अङ्क, १ लाख – २ लाखसम्म भए १० अङ्क, २ लाख – ३ लाख भए २१५ अङ्क र ३ लाखभन्दा माथि भए २० अङ्क प्रदान गर्ने ।

३. **अन्तर सम्बन्धित उत्पादन** : एउटा मात्रै उत्पादन भए ३ अङ्क, २-३ वटासम्म भए ७ अङ्क, ४ भन्दा बढी भए १० अङ्क प्रदान गर्ने ।

४. **लगानी** : व्यवसायको प्रकृति हेरी सामान्य भए ३ अङ्क, मध्यम भए ७ अङ्क र उच्च भए १० अङ्क प्रदान गर्ने ।

५. **प्रशिक्षण** : तालिम नलिएको भए ० अङ्क, छोटो तालिम लिएको भए ५ अङ्क र १८ महिने वा सोभन्दा माथिको योग्यता हासिल गरेको भए १० अङ्क प्रदान गर्ने ।

६. **जैविक कृषि** : विषादीको प्रयोग हुने भए ० अङ्क, आंशिक रुपमा प्रयोग गर्ने भए ५ अङ्क र पूर्ण रुपमा विषादी प्रयोग नगर्ने गरेको भए १० अङ्क प्रदान गर्ने ।

७. **बजारको पहुँच** : स्थानीय बजार मात्र भए ३ अङ्क, प्रदेशभित्र भए ७ अङ्क र सोभन्दा बाहिर भए खपत र निर्यात् हुने भए १० अङ्क प्रदान गर्ने ।

८. **रोजगारी सिर्जना** : स्थानीय मजदुरलाई रोजगार १ जना भए ३ अङ्क, २-५ जना भए ८ अङ्क र ५ जनाभन्दा माथि भए १५ अङ्क प्रदान गर्ने ।



चौरजहारी नगरपालिका, रुकुम (पश्चिम भाग)

**आज्ञाले,**

शेरप्रसाद ढकाल

नि.प्रमुख प्रशासकीय अधिकृत

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम भाग)